बेसीशहर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ
गण्डकी प्रदेश, नेपाल

# कृषि तर्फको अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०८**

कृषि विकास शाखा बेसीशहर नगरपालिका, लमजुङ मा संघिय शसर्त तर्फको आ.व. २०७९/८० मा हस्तान्तरित कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले बेसीशहर नगरपालिका भित्रका इच्छुक कृषक समुह/ कृषि सहकारी/कृषि कम्पनीहरुले मात्र यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७९/०६/०६ गते) भित्र यस कार्यालयको कृषि विकास शाखामा कार्यालय समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका आवेदन उपर कुनैपनि कारबाहि गरिनेछैन ।

**तपशिल :**

| क्र.सं | कार्यक्रमको नाम (लक्ष्य) | अधिकतम अनुदान सहयोग | कैफियत /मापदण्ड |
|---|---|---|---|
| १. | खायन आलु उत्पादन कार्यक्रम (४ वटा) | खायन आलु उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि अनुसार | • प्रति क्लस्टर २०० रोपनी क्षेत्रफलमा आलु खेती गर्नुपर्ने |
| २. | नयाँ सुन्तलाजात पकेट स्थापना कार्यक्रम (१ वटा) | कार्यक्रम सञ्चालन कार्यविधि अनुसार | • १४० रोपनी भन्दा बढि जमिनमा सुन्तलाजात खेती गर्नुपर्ने |
| ३. | पुरानो सुन्तलाजात पकेट निरन्तरताको लागि सम्झौता (१ वटा ) | कार्यक्रम सञ्चालन कार्यविधि अनुसार | श्री लक्ष्मिनारायण कृषि सहकारी संस्था लि. बे.न.पा.-११ स्याउत, चितिले समयमै निरन्तरताको लागि सम्झौता गर्नहुन । |

**आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. कार्यक्रम सञ्चालन गर्ने निवेदन ।
२. निवेदकको नागरिकताको प्रतिलिपि ।
३. सम्बन्धीत वडा कार्यालयको सिफारिस ।
४. कृषि फर्म, कृषक समूह, संस्था वा कृषि सहकारीको देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ
- सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- कर चुक्ता प्रमाण-पत्र, (अघिल्लो आ.व. को) सहकारीको हकमा लेखा परीक्षणको प्रतिलिपि
- स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि ।
- खायन आलु उत्पादन कार्यक्रम र नयाँ सुन्तलाजात फलफूल पकेट स्थापना गर्नको लागि प्रस्ताव पेश गर्ने सञ्चालक समितिको कार्यक्रम माग गर्ने बैठक निर्णय प्रतिलिपी ।
- पुरानो सुन्तलाजात पकेट निरन्तरताको लागि पकेट सञ्चालक समितिको बैठक निर्णय प्रतिलिपि

**थप जानकारीका लागि**

बेसिशहर नगरपालिका कृषि विकास शाखामा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत